# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।१५ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

श्री मैनहिया उच्च माध्यामिक बिद्यालय, मैनहिया रूपन्देहीका प्रधानाध्यापक दिनेश चन्द्र मिश्रले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा कार्यरत रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले दीनदयाल उपाध्याय गोरखपुर विश्वबिद्यालय, भारतबाट प्राप्त गरेको स्नातक र स्नातकोत्तर तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी माध्यमिक (राहत कोटा) तहको अस्थायी शिक्षक पदमा नियुक्ति भै सेवामा बहाल रही लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता